बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:-

आज मिति २०८२ साल चैत्र २० गते शुक्रबारका दिन बिहान ११:०० बजे बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष श्री टेक बहादुर साउँद ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

देहाय:

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक बहादुर साउँद | अध्यक्ष | |
| २ | श्री बिन्दु रावल | उपाध्यक्ष | |
| ३ | श्री गजेन्द्र बहादुर खड्का | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ४ | श्री नेत्र बहादुर साउद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ५ | श्री नवराज साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ६ | श्री किरन बहादुर खत्री | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ७ | श्री टंक बहादुर साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ८ | श्री जगत बहादुर थापा | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ९ | श्री तुलसी थापा | कार्यपालिका सदस्य | तुलसी |
| १० | श्री ललिता देवी स्वार | कार्यपालिका सदस्य | ललिता |
| ११ | श्री पदमा साउद | कार्यपालिका सदस्य | पद्मा |
| १२ | श्री पशुपति कुमारी लुहार सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री तर्क टमट्टा | कार्यपालिका सदस्य | |
| १४ | श्री मोहनलाल ताम्राकार टमट्टा | कार्यपालिका सदस्य | |
| १५ | श्री झनक रेग्मी | नि.प्र.प्र.अ./ सचिव | |

आमन्त्रित:-

१. श्री तिलक ठकुल्ला - अधिकृत छैटौं

२. श्री बसन्तराज जोशी - शिक्षा अधिकृत

३. श्री लोकेन्द्र ठकुल्ला - अधिकृत छैटौं

४. श्री बसन्त ब. रावल - ज.स्वा.नि.

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:-

**प्रस्तावहरु:**

१. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

२. कार्यविधि संशोधन प्रस्ताव टेबल गर्ने सम्बन्धमा।

३. तिमिल्सैन स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा।

४. प्रशासकीय भवन निर्माण कार्यको म्याद थप सम्बन्धमा।

५. आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा।

**बैठकबाट भएका निर्णयहरु:**

**निर्णय नं.१** : यस बान्नीगढी जयगढ गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८२।१२।२० गतेको बैठकबाट सिफारिस भई आएको देहायको निर्णय अनुमोदन गर्ने निर्णय गरियो;

**देहाय:**

बान्नीगढी जयगढ गाउँपालिका वडा नं. ६ मा अवस्थित सामुदायिक विद्यालय श्री बालकल्याण आधारभूत विद्यालयले शैक्षिक सत्र २०८३ बाट कक्षा ८ सञ्चालनका लागी अनुमति माग गर्ने सम्बन्धमा विद्यालयको च.नं. ३३, मिति २०८२।१०।१८ र मिति २०८२।०९।२३ गतेको विद्यालय व्यवस्थापन समितिको निर्णय, वडा नं. ६ को च.नं. ५०९, मिति २०८२।१०।१५ गतेको सिफारिस पत्र, साथै सोही वडामा अवस्थित श्री ऐश्वर्य माध्यमिक विद्यालयको च.नं. ४८, मिति २०८२।१०।१३ गतेको सहमति पत्र तथा श्री विन्ध्यवासिनी माध्यमिक विद्यालयको च.नं. ६६, मिति २०८२।१०।१५ गतेको सहमति पत्र र अन्य कागजातका आधारमा गाउँपालिकाको शिक्षा नियमावली, २०७८ को अनुसूची-२ मा उल्लेखित निर्धारित मापदण्ड अनुसार अनुगमन गर्दा अनुगमनका क्रममा निर्धारित सूचकहरू आंशिक रूपमा पूरा भएको तर विद्यालयको भौगलिक विकटतालाई मध्यनजर गर्दै प्रचलित कानुन बमोजिम शैक्षिक सत्र २०८३ देखि कक्षा ८ सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त नै हुने ठहर गरी अनुमोदनका लागी गाउँ कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः-

निर्णय नं. २ : यस बान्नीगढी जयगढ गाउँपालिका, गाउँकार्यपालिकाबाट यस अघि नै जारी भै कार्यान्वयनमा रहेका देहाय बमोजिमका कार्यविधिहरुलाई समय सापेक्ष सुधार तथा परिमार्जन गर्न आवश्यक देखिएको हुँदा उक्त कार्यविधिको संशोधन मस्यौदा माथी प्रारम्भिक छलफल गरी आजको बैठकमा टेबल गर्ने निर्णय गरियो;

देहायः

(क) अध्यक्ष युवा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

(ख) खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधी,२०८१

निर्णय नं.३ : यस बान्नीगढी जयगढ गाउँपालिकामा एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत आ.व. २०८२।०८३ का लागी यस गाउँपालिकाको वडा नं. ४ तिमिल्सैनमा स्वास्थ्य चौकी भवन निर्माणका लागि रु.३८,००,०००।०० (अक्षरुपी अठतीस लाख मात्र) बजेट प्राप्त भएको हुँदा उक्त स्वास्थ्य चौकी भवन निर्माणको कार्य तत्काल अगाडी बढाउन आवश्यक देखिएको हुँदा उपलब्ध बजेटको परिधिभित्र रही विद्युतीय खरिद प्रक्रिया मार्फत निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. ४ : यस बान्नीगढी जयगढ गाउँपालिकाको मूल प्रशासकीय भवन निर्माण कार्यका लागि मिति २०८०।१२।३० गतेको सम्झौता बमोजिम निर्माण कार्य भैरहेको र भवन निर्माण कार्यको सम्झौताको अवधि मिति २०८२ साल चैत्र मसान्तसम्म मात्र रहेकोमा निर्धारित समयभित्र निर्माण कार्य सम्पन्न गर्न नसक्ने भनि मिति २०८२।१२।२१ गते उक्त भवन निर्माणको ठेक्का पाएको निर्माण कम्पनी नारायण उपहार जे.भी. ले पेश गरेको निवेदन तथा उक्त निवेदनका सम्बन्धमा पूर्वाधार विकास शाखाको राय समेतलाई मध्येनजर गर्दा भवन निर्माणको क्रममा भवन निर्माण कार्य रोक्ने समेत बेहोराको सर्वोच्च अदालतमा परेको रिट निवेदन र अन्तरिम आदेशका कारण करिब ३ (तीन) महिना भन्दा बढी निर्माण कार्य अवरुद्ध भएको तथ्यलाई मनन गर्दै उक्त अवधिलाई अपरिहार्य अवस्था (बाध्यात्मक परिस्थिति) को रुपमा मान्यता दिई मिति २०८३ असार मसान्तसम्म ३ (तीन) महिनाका लागि पहिलोपटक म्याद थप गर्ने निर्णय गरियो।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः-

बान्नीगढी जयगढ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जयगढ, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०८२।९।११ गतेको गाउँ कार्यपालिका बैठकको निर्णय नं. ४ मा आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी निर्णयमा प्राविधिक त्रुटिबश देहाय बमोजिमको व्यक्तिको नाम छुट हुन गएको हुँदा देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो;

देहाय:

| क्र.स. | नामथर | ठेगाना | रकम(रु.मा) | कारण | कै. |
|---|---|---|---|---|---|
| १. | दिपक खड्का | बान्नीगढी जयगढ गा.पा.-१ गाज्रा | १५०००।०० | टाउँकोमा चोट लागेको तथा आर्थिक अवस्था कमजोर रहेको। | |